# दुधौली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ७, संख्या ३, दुधौलीबजार, भदौ ११ गते, २०८१ साल


## भाग २

### दुधौली नगरपालिका

### दुधौली नगरपालिका

### नगरकार्यपालिकाको कार्यालयको सूचना

दुधौली नगरपालिका नगर कार्यपालिकाको मिति २०८१।०४।३२ को १२६ औँ कार्यपालिकाको बैठकद्धरा दुधौली नगरपालिकाको भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ को खण्ड ५४ मा तपसिल बमोजिमको संशोधन भएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

# दुधौली नगरपालिकाको भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७४ को (पहिलो संशोधन)

१) कमला, ककुर र तावा नदी किनाराबाट आफ्नो स्वामित्वको जग्गामा पक्की तटबन्धनबाट १०० मिटर र तटबन्धन नभएकोमा २५० मिटर छाडी भवन निर्माण कार्यको अनुमती दिने ।

२) ठाकुरखोला १, ३ र ४ को हकमा किनाराबाट आफ्नो स्वामित्वको जग्गामा ५० मिटर छाडी भवन निर्माण गर्न अनुमती दिने ।

३) बिचित्रा खोला, गागन खोला, कुमराहा खोला, तमोरानी खोला र तल्खा खोला, खहरे तथा अन्य खोलाहरुको हकमा आफ्नो स्वामित्वको जग्गाको किनाराबाट पक्की तटबन्धन भए २० मिटर तटबन्धन नभएकोमा ५० मिटर छाडी भवन निर्माण गर्न अनुमती दिने ।

४) अन्य खोल्सी, मुल कुलो, पैनीको हकमा आफ्नो स्वामित्वको जग्गाबाट १० मिटर छाडी भवन निर्माण कार्यको अनुमती दिने ।

आज्ञाले
विष्णु प्रसाद सुवेदी
प्रमुख प्रशासकीय अधिकृत